(सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८३ बैसाख १ देखि २०८३ असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

(आ.ब. २०८२/०८३)


भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नापी विभाग

नापी कार्यालय कटारी

फोन नं.: ०३५-४५०५१६/१७

इमेल:- katari@dos.gov.np




**ई. पशुपति शाह**

कार्यालय प्रमुख / गुनासो सुन्ने अधिकारी

सम्पर्क नं. ९८५२८३६२१६/०३५-४५०५१६

ईमेल ठेगाना: katari@dos.gov.np



जय कुमार साह

सर्भेक्षक / सूचना अधिकारी

सम्पर्क नं. ९८५२८३६२३१/०३५-४५०५१७

ईमेल ठेगाना: napikatari@gmail.com

# मन्तव्य

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना कार्यालयबाट सम्पादित गतिविधिहरुको विवरण सहितको स्वतः प्रकाशन (Proactive Disclosure) ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शिर्षकहरु उल्लेख गरिएका छन्। हामीले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि यस कार्यालयले २०८२ साल बैसाख १ गते देखि २०८२ असार मसान्तसम्मको अवधिमा सम्पादित प्रमुख कार्यहरू प्रकाशित गरेका छौ। काम कारवाहीमा पारदर्शिता कायम गरी जिम्मेवारी र उत्तरदायित्व बहन गर्ने दिशामा हामीलाई सरोकारवालाहरुबाट सदाझै निरन्तर सहयोग र सल्लाह प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौ ।

ई. पशुपति शाह
(कार्यालय प्रमुख)

## १. नापी कार्यालयको स्वरुप र प्रकृतिः

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नापी विभाग अन्तर्गत रहेर नापी कार्यालय कटारी वि.स.२०७१ सालमा स्थापना भएको हो। यस नापी कार्यालयले कटारी जिल्ला भरिको साविक १५ गा.वि.स. (हाल कटारी नगरपालिका, ताप्ली गाउँपालिका र उदयपुरगढी गाउँपालिकाको ३ वटा वडा) भित्रको कित्तानापी नक्सा अध्यावधिक तथा भूमी नापजाँच (नयाँ नापी बाहेक) सम्बन्धी कार्य गर्दै आएको छ। नापी कार्यालय कटारीबाट कम्प्युटरमा आधारित NeLIS (Nepal Land Information System) बाट सेवा प्रवाह सुरु गरेको छ। सेवा सुरु भएसँगै अब व्यक्ति तथा संस्थाले यस कार्यालयमा भौतिक उपस्थिति बिना नै मेरोकित्ता एप वेभसाइट *(https://merokitta.dos.gov.np)* बाट डिजिटल नक्सा प्राप्त गर्न सक्नुहुनेछ । यस कार्यालय उदयपुर जिल्लाको कटारी नगरपालिका वडा नं. ३, कटारीबजार मा रहेको छ। यस कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतको सम्पूर्ण नक्सा तथा फिल्डबुक सुरक्षित राखी हाल डिजिटल डाटा सहित कम्प्युटरबाट सेवा प्रवाह गर्दै आएको छ।

कटारीको भौगोलिक अवस्था हेर्दा ४२४.९ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ। छिमेकी जिल्लाहरुमा पश्चिममा सिन्धुली, उत्तरमा ओखलढुङ्गा र खोटाङ, दक्षिणमा धनुषा र सिरहा रहेको छ।

नापी कार्यालयको उदेश्यहरु:

- अधिकार प्राप्त विभिन्न निकायबाट प्राप्त कित्तानापी नक्सा श्रेस्ता अध्यावधिक गर्ने,
- सेवाग्राहिलाई माग अनुसार आफ्नो स्वामित्व रहेको जग्गाको नक्सा, फिल्डबुक\प्लट रजिष्टर उपलब्ध गराउने,
- अदालत, मालपोत कार्यालय वा अन्य निकायबाट माग गरेको कित्तानापी सम्बन्धी विवरण उपलब्ध गराउने,
- जिल्लामा रहेको ब्यक्ति बिशेषको जग्गाको सिमा सम्बन्धी विवाद समाधान गर्न तथा न्युनीकरण गर्न आवश्यक कार्य गर्न,
- नक्सा, फिल्डबुक, श्रेस्ता र डिजिटल डाटाको संरक्षण र व्यवस्थापन गर्ने,
- जिल्ला भित्रका अन्य निकायहरु (सरकारी कार्यालय, स्थानिय तह आदी) सगँ समन्वय गरि भूमी व्यवस्थापन सम्बन्धी प्रविधिक कार्य गर्ने,
- सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षणको लाग़ी भएका निर्देशन कार्यान्वयन गर्ने तथा उक्त कार्यका लागी अन्य निकायहरु सगँ समन्वय गर्ने,
- भूमी सम्बन्धी प्रचलित ऐन नियम निर्देशिका र विभागीय निर्देशनहरुलाई कार्यान्वयन गर्ने/गराउने,

| सि.नं. | कार्यालयको नाम | सेवा प्रवाह गर्ने स्थान | कैफियत |
|---|---|---|---|
| १. | नापी कार्यालय कटारी | कटारी-३, उदयपुर | |

२. नापी कार्यालयको काम, कर्तव्य र अधिकार:

जग्गा नापजाँच ऐन २०१९, नियमावली २०५८ को नियम २२ र जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अद्यवधिक सम्बन्धी निर्देशिका,२०८१ का साथसाथै मन्त्रालय तथा विभागीय परिपत्रबाट निर्देशन भए बमोजिम नापी कार्यालय कटारीले सम्पादन गर्ने मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्।

- नक्सा प्रिन्ट, तथा ट्रेस नक्सा उपलब्ध गराउने,
- कित्ताकाट गर्ने (खरिद/बिक्रि,अंशबण्डा, राजीनामा,अदालतको फैसला, अधिग्रहण, लगत कट्टा),
- फिल्डबुक, प्लट रजिष्टर उतार गर्ने,
- दुरि अंकित गर्ने (अदालत तथा अख्तियारबाट माग भएमा मात्र),
- जग्गाको फिल्ड निरिक्षण गर्ने,
- कित्ता चक्लाबन्दी आदी,

नेपाल सरकार
नापी विभाग
नापी कार्यालय
कटारी, उदयपुर

## ३. नापी कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण:

| क्र.सं. | पद | श्रेणी | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | लोकसेवा माग गरेको संख्या | सरुवा भै रमाना हुन बाँकी | काज/फाजिल आएको/गएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख नापी अधिकृत | रा.प.द्वि. (प्रा.) | - | - | - | - | - | - | |
| २ | नापी अधिकृत | रा.प.तृ. (प्रा.) | १ | १ | - | - | - | - | |
| ३ | लेखापाल | रा.प.अन.प्र. (प्र.) | - | - | - | - | - | - | |
| ४ | सर्भेक्षक | रा.प.अन.प्र. (प्रा.) | ४ | ३ | १ | - | - | - | |
| ५ | नायब सुब्बा | रा.प.अन.प्र. (प्र.) | - | - | - | - | - | - | |
| ६ | स.ले.पा. | रा.प.अन..द्वि. (प्र.) | १ | १ | - | - | - | - | |
| ७ | अमिन | रा.प.अन.द्वि. (प्रा.) | ३ | २ | १ | - | - | - | |
| ८ | खरिदार | रा.प.अन.द्वि. (प्र.) | १ | १ | - | - | - | - | |
| ९ | कम्प्युटर अपरेटर | रा.प.अन.प्र. | १ | १ | - | - | - | - | |
| १० | टाइपिष्ट | रा.प.अन.प्र./द्वि. (प्र.) | - | - | - | - | - | - | |
| ११ | सवारी चालक | श्रेणीविहिन | - | - | - | - | - | - | |
| १२ | कार्यालय सहयोगी | श्रेणीविहिन | ३ | ३ | - | - | - | - | करार |
| | जम्मा | | | | | | | | |

## कार्य विवरण:

यस कार्यालयका निम्न बमोजिम शाखाहरु रहेका छन।

- **प्रशासन शाखा**

  प्रशासन सम्बन्धि काग गर्ने ।

- **प्राविधिक शाखा**

  मालपोत कार्यालय तथा अदालतको आदेश वा नापी कार्यालयमा आएका जग्गा सम्बन्धी कार्यहरु गर्ने, कित्ताकाट, फिल्ड रेखाङ्कन गर्ने, नक्सा अपडेट गर्ने, ट्रेस आदि कार्यहरु गर्ने ।

- **आर्थिक प्रशासन शाखा**

  आर्थिक प्रशासन सम्बन्धी काम गर्ने।

४. नापी कार्यालयबाट प्रदान गरिने सेवाः

मालपोत कार्यालयबाट आएको

- जग्गा खरिद बिक्रि, बकसपत्र, अंशबण्डा, अदालतको फैसला, अधिग्रहण, लगत कट्टा, आदिको कारणले जग्गाको स्वामित्व परिवर्तन हुने कित्ताकाट गर्ने।
- नक्सा सुधार/संशोधन गर्ने।
- कित्ता एकीकरण।

नापी कार्यालयबाट सोझै गर्न सकिने

- नक्सा प्रिन्ट
- फिल्डबुक र प्लट रजिष्टर उतार
- फिल्ड रेखाङ्कन
- कित्ता एकीकरण
- दुरी अङ्कित (अदालत बाट माग भएमा मात्र)
- टायल चेक

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

- **प्रशासनिक शाखा**
  कार्यालय प्रमुख
- **प्राविधिक शाखा**
  सर्भेक्षक/अमिन
- **आर्थिक प्रशासन शाखा**
  सह-लेखापाल

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

| क.स. | सेवाहरु | राजश्व दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | कित्ताकाट | निःशुल्क | |
| २. | नक्सा सुधार संशोधन | जग्गा नापजाँच को नियमावली नियम ३३ बमोजिमको रकम | |
| ३. | नक्सा प्रिन्ट | प्रति कित्ता रु.१००/- र रु.१०/- टिकट वापत | |
| ४. | फिल्डबुक र प्लट रजिष्टर उतार | पहिलो कित्ता वापत रु. ५०/- र थप प्रति किता रु. १०/- | |
| ५. | फिल्ड रेखाङ्कन | जग्गा नापजाँच को नियमावलीको नियम ३३ बमोजिमको रकम | |
| ६. | क्षेत्रफल टायल चेकजाँच | फिल्ड रेखाङ्कन वापतको राजश्व रकम वा निःशुल्क | |
| ७. | कित्ता एकीकरण | प्रति कित्ता रु. ५०/- + रु.१० टिकट बापत र फिल्ड रेखाङ्कन वापतको रकम | |

नोटः सेवा प्रवाह सम्बन्धी अन्य जानकारी कार्यलयमा रहेको नागरिक वडापत्र, सेवा प्रवाह तालिका र सोधपुछ कक्षबाट लिन सकिने छ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

प्राप्त उजुरीहरु सम्बन्धीत अधिकारीले हेरी कार्यालय प्रमुखलाई आवश्यक कारबाहीको लागी पठाइने र कार्यालय प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने।

८. निर्णय उपर उजुरि सुन्ने अधिकारीः

कार्यालय प्रमुखः ई. पशुपति शाह (नापी अधिकृत)

९. सम्पादन गरेको कामको विबरणः

नापी कार्यालय कटारीको आ.व.२०८२/०८३ बैसाख १ गते देखि असार मसान्तसम्म को (चौथो त्रैमासिक) प्रगति विवरण यस प्रकार रहेको छ।

| चौथो त्रैमासिक प्रगति विवरण | | |
|---|---|---|
| क.सं. | विवरण | मासिक प्रगति |
| १ | कित्ताकाट | १५७ |
| २ | नक्शा प्रिन्ट | १२७५ |
| ३ | फिल्ड रेखाङ्कन | ३५ |
| ४ | कित्ता चक्लाबन्दि | - |
| ५ | प्लट रजिष्टर उतार | ५ |
| ६ | कित्ता एकीकरण | ९ |
| ७ | फिल्डबुक उतार | ४ |

१०. सुचना अधिकारी र प्रमुखको नाम र पदः

नापी कार्यालय कटारीबाट प्रवाह हुने सेवाहरु सम्बन्धि तथा अन्य कुनै गुनासो र उजुरी गर्नु परेमा तथा सुझावहरु भएमा तपशिल अनुसार सम्पर्क गर्न सकिने छ।

कार्यालय प्रमुखः ई. पशुपति शाह
पदः कार्यालय प्रमुख
सम्पर्क नम्बरः ९८५२८३६२१६

सूचना अधिकारीः जय कुमार शाह
पदः सर्भेक्षक
सम्पर्क नम्बरः ९८५२८३६२३१

## ११. ऐन नियम विनियम वा निर्देशिकाको सूचीः

- जग्गा (नाँपजाँच) ऐन, २०१९
- जग्गा नापजाँच नियमावली, २०५८
- जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०७३
- मालपोत ऐन, २०३४
- मालपोत नियमावली,२०३६
- भूमी सम्बन्धी ऐन, २०२१
- भू-उपयोग ऐन, २०७६
- भू-उपयोग नियमावलि, २०७९
- अन्य जग्गा प्रशासन संग सम्बन्धित कानूनहरु
- बिभिन्न समयमा मन्त्रालय, विभाग तथा अन्य निकायबाट भएका परिपत्रहरु आदी।

## १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक विबरणः

आ.व. २०८२/८३ बैसाख १ गते देखि असार मसान्तसम्म को राजश्व सम्बन्धी विवरणः

| क.स. | राजश्व शीर्षक | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | १४२१३-अन्य बिक्रि बाट प्राप्त रकम | १५०१८७/- | |
| २. | १४५२९- अन्य राजश्व (फिल्ड बापत) | ११४०५५/- | |

आ.व.२०८२/८३ को बिनियोजित बजेट र खर्च भएको प्रगतिः

| १. नापी कार्यालय तर्फ | | | | | |
|---|---|---|---|---|---|
| क.स. | शीर्षक | अन्तिम बजेट (रु.) | खर्च भएको (रु.) | खर्च प्रतिशत | कैफियत |
| १. | चालु (३३६०२०१२३) | १०,३११,०००/- | ८५०७८२८.२०/- | ८२.५१ | |
| २. | पुँजिगत (३३६०२०१२४) | ३८७०००/- | ३८५९७६/- | ९९.७३ | |
| ३. | कित्तानापी ताथा नापी कार्यालय सुधार कार्यक्रम (३३६०२१०१३) | २५७०००/- | १७९०४०/- | ६९.६६ | |

## १३. तोकिय बमोजिमका अन्य विबरणः

आ.व.२०८२।०८३ (बैसाख - असार) मा सूचना माग गरी परेका निवेदन संख्याः ०

सूचना उपलब्ध गराइएको संख्याः ०

१४. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना गरेको भय सोको विवरण: नभएको।

१५. नापी कार्यालयको वेभसाइट भए सो को विवरण:
यस कार्यालयको आधिकारीक वेभसाइट www.katari.dos.gov.np रहेको छ ।

१६. सार्वजिक निकायले प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण: कुनै परियोजना नभएको।

१७. नापी कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सो को विवरण: छैन।

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सुचनाको नामावलि र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधि: छैन।

१९. सार्वजनिक निकायमा परेका सुचना माग सम्बन्धि निबेदन र सो उपर सुचना दिएको विबरण:
नागरिक वडापत्र, नापी विभागको वेवसाइट, कार्यालयको फेसबुक पेज र कार्यालयको सूचना पाटी।

२०. सार्बजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विबरण:
छैन।

*धन्यवाद*